# भानु नगरपालिका राहत सामग्री वितरण सम्वन्धी कार्यविधि
# २०७६

**प्रस्तावना :**

विश्व महामारीको रुपमा फैलिएको COVID 19 (कोरोना भाइरस)वाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस महा विपत्तीको संक्रमणवाट उत्पन्न खतराप्रति नागरिकहरुलाई सचेत गराउँदै यसवाट उन्मुक्ति पाउनका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारवाट हर संभव प्रयासहरु भइ रहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि लक डाउनको अवस्थामा छ । यस विषम परिस्थितिमा दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि राहत वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भानु नगरपालिका नगरकार्यपालिकाले मिति २०७६/१२/१७ को वैठकबाट यो राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "भानु नगरपालिका राहत सामग्री वितरण सम्वन्धी कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले भानु नगरपालिकाको राहत सामग्री वितरण सम्वन्धी कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले भानु नगरपालिका सम्झनु पर्छ ।

(ग) “नगर कार्यपालिका” भन्नाले भानु नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) “प्रमुख”भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ.) “उपप्रमुख”भन्नाले भानु नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ.) "वडा कार्यालय" भन्नाले भानु नगरपालिकाका वडा कार्यालयहरुलाइ संम्झनु पर्दछ ।

(ज) "टोल विकास संस्था" भन्नाले भानु नगरपालिकाद्वारा वडा मातहत गठन भएका टोल विकास संस्थालाई सम्म्झनु पर्दछ ।

**३.उद्देश्य**

यस कार्यविधिको उद्देश्य COVID 19 (कोरोना भाइरस) को नियन्त्रणका लागि भानु नगरपालिका क्षेत्रभित्र दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका अति विपन्न र अशक्त परिवारहरुका लागि व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ ।

**४. अभिलेख राख्नुपर्ने : (१)** यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असाहयहरुलाई प्रदान गर्ने सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक

(ख) पर्यटक भरिया,निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने,बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति

(ग) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(घ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई,शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति

(ङ) गिटी कुट्ने,बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

(च) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी,सिकर्मी,हेल्पर लगायतका मजदुर

(छ) दैनिक चुल्हो नबल्ने परिवार

(ज) स्थानीय तहमा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

(२) उल्लेख गरे बमोजिमको विवरण टोल विकास समिती परिचालन गरि प्राप्त विवरण वडा स्तरीय सर्वदलीय बैठकबाट निर्णय गरि नगरपालिकामा पठाउनुपर्नेछ ।

**५. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति**

(१) भानु नगरपालिका क्षेत्रमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको **राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छ :**

(क).नगर प्रमुख अध्यक्ष

(ख).उपप्रमुख –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

(ङ) विपद् व्यवस्थापन समितिका संयोजक –सदस्य

(च) वरिष्ठ अधिकृत – सदस्य सचिव

आवश्यक परेमा अन्य सम्बन्धित कार्यकारीणी सदस्य र सम्बद्द क्षेत्रका व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

**६. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम कर्तव्य र अधिकारः**

(क).प्रभावित अति विपन्न र अशक्त परिवारहरुका लगत वडा मार्फत संकलन गर्ने ।

(ख) परिस्थिति र आवश्यकता अनुसार राहतको मात्रा(प्याकेज) तय गर्ने ।

(ग) राहत सामग्री वितरण एवं व्यवस्थापनको जिम्मेवारी तोक्ने ।

(घ) राहत सामग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने ।

(ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

(च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

**७. राहत संकलन तथा वितरण व्यवस्थापन :**

(१) नगरस्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरणका लागि सम्बन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

(क)आफ्नो वडाभित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका र लक डाउनको कारण दैनिक ज्यालादारी काम गर्न नपाएकोले दैनिक जीवनयापन गर्न कठिनाई भएका घर परिवारको विवरण टोल विकास संस्था मार्फत अनुसूची १ बमोजिमको निवेदन लिई संकलन गर्ने ।

(ख)टोल विकास संस्था मार्फत प्राप्त विवरणलाई वडा अध्यक्षले एकिन गरी प्रमाणित गर्ने ।

(ग)अति अशक्त, अपाङ्ग, दृष्टिविहिन लगायत सामुहिक रुपमा आवास व्यवस्था मिलाई खानपिनको व्यवस्था गरेका संघ संस्थाहरु र तिनले हाल उक्त सेवा प्रदान गरिरहेका व्यक्तिहरुको विवरण संघ संस्था मार्फत लिने ।

(घ)सहयोग गर्न चाहने दाताहरुसँग समन्वय गर्ने र उनीहरुले सहयोग गर्न चाहेको नगद वा जिन्सी संकलन गर्ने र सोको परिमाण सहित विवरण राख्ने ।

(ङ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाई परि सहयोग चाहिने ४ जनासम्मको परिवारलाई २० के.जी. चामल, ३ के.जी चिउरा, १ के.जी चिनी, २०० ग्राम चियापत्ती, २ के.जी. दाल, १ लिटर खाने तेल र १ के.जी. नुन र २ वटा साबुन राहत प्याकेज टोल विकास संस्था मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने । ४ जना भन्दा बढी परिवार संख्या हुनेको हकमा २५ के.जी चामल उपलब्ध गराईनेछ ।

(च) खण्ड (ग) बमोजिमका असहाय संघसंस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकिन गरी प्रति परिवार २० के.जी.का दरले चामल र प्रति १० जना बराबर २ के.जी.का दरले दाल र प्रति १० जना १ लि. का दरले खाने तेल उपलब्ध गराउने ।

(छ) वडा तहमा राहत संकलन तथा वितरण कार्यको समन्वय तथा सहजिकरण गर्ने कार्य र राहत वितरण वडा समिती , सम्बन्धित टोल विकास संस्थाको अध्यक्ष वा पदाधिकारी,सर्वदलीय प्रतिनीधीको रोहवरमा गर्ने गरि व्यवस्था मिलाउने ।

(ज) राहत वितरणका लागि कम्तिमा एकजना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालन गर्ने ।

(झ)राहत वितरणमा खटिनेले कम्तीमा १ मीटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

(ञ) वितरण प्रणाली पूर्णत भिडभाड रहित ढंगले व्यवस्थापन गर्ने ।

(ट) खण्ड (घ) बमोजिम संकलित राहत सहयोग र नगरपालिकाबाट विनियोजित रकमबाट खरीद भएको सामान ले वडामा राहत वितरण गर्दा अपुग भएमा र छिमेकी वडामा बचत भएको भएमा छिमेकी वडासँग समन्वय गरी अभिलेख राखी सहयोग लिने र आफुसँग बचत भएमा र छिमेकी वडालाई अपुग भएमा अभिलेखी राखी छिमेकी वडालाई उपलब्ध गराउने ।

(ठ) सहयोग प्रदान गर्ने दाताहरुको विवरण तथा राहत सहयोग पाउने टोल समेत खुल्ने गरि परिवार वा संघ संस्थाको विवरण वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउने । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ आफ्नो वडामा सार्वजनिक गर्ने र नगरवाट सबै वडावाट राहत वितरण भएको विवरण सार्वजनिक गर्ने ।

(ड) वडामा पठाईएको सहयोगले वडामा राहत वितरण गर्न अपुग भएमा नगर समन्वय समितिसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने ।

(ढ) सहयोग दाताले वडाबाट संकलित सहयोग लिन योग्य विवरण अनुसारको व्यक्तिहरुलाई वितरण गर्न चाहेमा नगरपालिकामा सहयोगको अभिलेख राखी सम्बन्धित वडा, टोल विकास संस्थाको समन्वयमा दाताको रोहवरमा वितरण गरिनेछ ।

८. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

९. यो कार्यविधिको व्यख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

१०. कोरोना भाइरसको महामारी अन्त्य भएपछि यो कार्यविधि स्वत निष्कृय हुँनेछ ।

अनुसुची १

(दफा ४ संग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थरः २.बाबुको नामः ३.बाजेको नामः

४. स्थायी ठेगाना : ५.हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ८.गर्ने कामको विवरणः

९.पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न हुनुपर्ने)

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा,
ख.गरिब घर परिबार परिचयपत्रको प्रतिलिपी वा
ग.सबारी चालक अनुमतिपत्रको प्रतिलिपी वा
घ.अन्य

१०.राहत लिने व्यक्तिको स्वःघोषणा :

म र मेरो परिबारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक : औठाको छाप

दस्तखत : दायाँ बायाँ

मिति :

सिफारिश गर्ने पदाधिकारी :

दस्तखत :

नामः पद : स्थानीय तहको नाम :

मितिः वडा नं.

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा (२) को खण्ड (ङ) बमोजिम)

**राहत सामाग्री बुझेको भरपाई**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले २०७६।१२।११ देखि लागुहुनेगरि देशभर लकडाउन गर्ने गरि गरेको निर्णयका कारण दैनिक ज्यालादारी गरि परिवारको पालनपोषण गर्ने मैले ज्यालादारीको काम गर्न नपाएकोले मेरो परिवारको भरणपोषणका लागि भानु नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम वडासमितिवाट उपलब्ध गराएको देहाय बमोजिम राहत सामाग्री बुझिलिई यो भरपाई गरिदिए ।

राहत सामाग्री बुझ्नेको नाम, थर

लकडाउन अघि गर्ने गरेको काम

स्थायी ठेगाना

हाल बसोवास गरेको ठेगाना

वडा नम्वर                टोलको नाम

बुझेको राहत सामाग्रीहरु

चामल    केजी

दाल    केजी

नुन    केजी

खानेतेल    ली

रोहवर

वडाअध्यक्ष वा सदस्य श्री

टोल विकास समितिका अध्यक्ष वा सदस्य श्री

राहत सामाग्री बुझ्नेको सहिछाप

मिति

प्रमाणीकरण मितिः

आज्ञाले

राजेन्द्रदेव पाण्डे

प्रमुख प्रशासकीय अधिकृत